# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २३ गते २०१२ साल

### पब्लिक सर्भिस कमिशनको
### विज्ञापन नं. २५ क।०१२

स्वास्थ्यमंत्रालयअन्तर्गत नर्सेज ट्रेनिङ्ग प्रोजेक्टलाई एक जना काउन्टर पार्ट नर्स चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल फागुन १६ गते रोज ६ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनु होला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोश्वारामा पनि पाइने छ। दरखास्त साथ फी पठाउन पर्दैन।

१. पद:- गजेटेड, तीन वर्षको अस्थायी।

२. आवश्यक न्यूनतम योग्यता:-सरकारबाट स्वीकृत मण्को सीनियर सर्टिफिकेट अफ नर्सिङ एण्ड मिडवाइफ्री।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विशेषयोग्यता:— नेपाली र अंग्रेजीमा बोल्न र लेख्न सक्ने हुनुपर्छ। नर्सेजहरूलाई सिकाउन र तालिम भईपर्नं हुनाले सो कामको अनुभव भए-कालाई ग्राह्यता दिइने छ।

४. मासिक तलब र भत्ता इत्यादि समेत जम्मा रु. २४५ ॥।

५. काम उपत्यकामा रहेको नर्सिङ प्रोजेक्ट स्कूलमा कन्या विद्यार्थीहरूलाई नर्सिङ विषय पढाउने र सिकाउने।

६. विशेष सहुलियत:—नर्सेज ट्रेनिङ स्कूलको सजिसकाउ घरमा बस्न पाउने, भाडा तिर्नु पर्दैन।

आज्ञाले —
खड्गमान मल्ल
सेक्रेटरी — पब्लिकसर्भिस कमिशन
सिंहदरबार काठमाडौं नेपाल

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।